संकटासँग पुलिस स्तब्ध

हिमालय टाइम्स

काठमाडौं, २७ मंसिर

सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा संकटा क्लबले विभागीय टिम नेपाल पुलिस क्लबलाई पराजित गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार भएको खेलमा संकटाले पुलिसलाई १-० गोल अन्तरले पराजित गरेको हो।

संकटालाई जित दिलाउन निरज बस्नेतले निर्णायक गोल गर्नुभयो। निरजले खेलको १८औं मिनेटमा गोल गर्नुभएको हो। निरजको लिगमा यो तेस्रो गोल हो। यो गोल जारी लिगको ५० औं गोलसमेत हो।

यस जितसँगै संकटा लिगको चौंथो स्थानमा उक्लिएको छ। संकटाले चार खेलमा आठ अंक जोडेको छ। संकटाको यो लिगमा दोस्रो जित हो। पुलिसले भने लिगमा पहिलो हार व्यहोरेको छ। पुलिसले चार खेलमा पाँच अंक जोडेको छ। पुलिस लिगको सातौं स्थानमा रहेको छ। खेलमा संकटाका निरज म्यान अफ दि म्याच चुनिनुभयो।

त्यसअघि, आइतवार साँझ भएको खेलमा श्री स्टार क्लब र एपिएफ क्लबले गोलरहित बराबरी खेलेका थिए। बराबरीसँगै एपिएफले लिगमा पहिलो अंक जोडेको छ। अघिल्ला तीन खेलमा एपिएफले लगातार हार व्यहोरेको थियो। यस बराबरीसँगै एपिएफले भने चार खेलमा एक अंक जोडेको छ। पहिलो अंक जोडेको एपिएफ १३औं स्थानमा उक्लिएको छ।

एपिएफ पहिलो खेलमा ब्रिगेड ब्वाइजसँग ३-२ गोलअन्तरले पराजित भएको थियो। एपिएफ दोस्रो खेलमा च्यासल युथसँग १-० ले तथा तेस्रो खेलमा सातदोबाटोसँग ४-१ ले पराजित भएको थियो।

श्री स्टारले चार खेलमा पाँच अंक जोडेको छ। श्री स्टार पाँचौं स्थानमा उक्लिएको छ। श्री स्टारले पहिलो खेलमा च्यासल युथ क्लबलाई ३-० ले हराएको थियो। दोस्रो खेलमा श्री स्टार सातदोबाटो युथसँग १-० ले पराजित हुँदा तेस्रो खेलमा फ्रेन्ड्स क्लबसँग १-१ गोलको बराबरीमा रोकिएको थियो। एपिएफका प्रदीप लामा म्यान अफ दि म्याच चुनिनुभयो। इमर्जिङ प्लेयर एपिएफका बिके तामाङ घोषित हुनुभयो।

यस्तै, एन्फाले लिगको नवौं चरणसम्मको खेलतालिका सार्वजनिक गरेको छ। चौथो चरणको खेल चलिरहँदा सोमबार एन्फाले नवौं चरणसम्मको तालिका सार्वजनिक गरेको हो। तालिकाअनुसार पाँचौं चरणका खेलहरू पुस २ देखि ५ गतेसम्म हुनेछ भने छैटौं चरणका खेलहरू पुस ९ देखि १२ गतेसम्म चल्नेछ। सातौं चरणका खेलहरू पुस १६ देखि १९ गतेसम्म सञ्चालन हुनेछ भने आठौं चरणका खेलहरू पुस २३ देखि २६ गतेसम्म चल्ने एन्फाले जनाएको छ। नवौं चरणका खेलहरू पुस ३० देखि माघ ३ गतेसम्म हुने भएको छ।

खेलतालिकाअनुसार मनाङ मर्स्याङ्दी क्लबले पाँचौं, सातौं र आठौं चरणका खेलहरू पोखरा रंगशालामा हुनेछ भने अन्य सबै खेलहरू दशरथ रंगशालामा हुनेछन्। मनाङले पाँचौं चरणमा नेपाल पुलिस क्लबसँग पुस ३ गते, ब्रिगेड ब्वाइज क्लबविरुद्ध पुस १७ र च्यासलविरुद्ध पुस २४ मा खेल्नेछ।

पिएसएलमा बिक्री भएनन् नेपाली खेलाडी

हिमालय टाइम्स

काठमाडौं, २७ मंसिर

पाकिस्तान सुपर लिग (पिएसएल) २०२१ को ड्राफ्टमा रहेका ११ नेपाली खेलाडीलाई कुनै पनि टोलीले खरिद गरेको छैन। आइतवार भएको ड्राफ्टबाट नेपाली क्रिकेटका ग्लोबल स्टार सन्दीप लामिछानेसहित ११ खेलाडीहरू बिकेनन्।

आयोजक पाकिस्तानी क्रिकेट बोर्डले ड्राफ्टमा रहेका खेलाडीलाई प्लाटिनम, डायमण्ड, गोल्ड र सिल्भर श्रेणीमा विभाजन गरेको थियो। आयोजकले खेलाडीको अनुभव र क्षमताका आधारमा छुट्टाएको श्रेणीअनुसार प्लाटिनम क्याटेगोरीमा नेपालका सन्दीप लामिछाने पर्नुभएको थियो। त्यसबाहेक राष्ट्रिय टोलीका नियमित सदस्य तथा विकेटकिपर विनोद भण्डारीले गोल्ड क्याटेगोरीमा हुनुहुन्थ्यो।

सिल्भर विदेशी कोटामा स्पिनर सुशन भारी, तीव्रगतिका बलर सोमपाल कामी, स्पिनर साहब आलम, ब्याट्सम्यान शरद भेषवाकर, ब्याट्सम्यान सुवास खकुरेल, स्पिनर ललित नारायण राजवंशी, ब्याट्सम्यान पवन सराफ, स्पिनर वसन्त रेग्मी र तीव्र गतिका बलर विक्रम सोब रहनुभएको थियो।

हरेक टोलीले समान तीन/तीन प्लाटिनम, डायमण्ड, र गोल्ड क्याटेगोरीका खेलाडी अनुबन्ध गर्नुपर्ने हुन्छ। त्यसबाहेक पाँच सिल्भर, इमर्जिङ र पूरक दुई/दुई खेलाडी अनुबन्ध गर्न पाउने आयोजकले प्रावधान राखेको छ।

एउटा टोलीमा १६ विदेशी खेलाडी रहने व्यवस्था गरिएको छ। जसमा ११ पाकिस्तानी खेलाडी हुनुपर्ने भने बाँकी विदेशी खेलाडी राख्न पाइनेछन्। प्लेइङ ११ मा एउटा टोलीले बढीमा चारजना विदेशी खेलाडी खेलाउन पाउने प्रावधान तोकिएको छ।

सन्दीप रहेको प्लाटिनम क्याटेगोरी अनुबन्ध हुने खेलाडीले एक लाख ३० हजारदेखि एक लाख ७० हजार डलरसम्म पारिश्रमिक पाउनेछन्। सिल्भरमा रहेकाले १५ हजार देखि २५ हजार डलरसम्म रहनेछ। गत वर्ष प्लाटिनम क्याटेगोरीमा सन्दीप लामिछानेलाई कुनै पनि टोलीले बोली लगाएका थिएनन्।

गतवर्ष सन्दीपसँगै सिल्भर विदेशी कोटामा राष्ट्रिय टोलीका उपकप्तान दीपेन्द्रसिंह ऐरी, कप्तान ज्ञानेन्द्र मल्ल, करण केसी, कुशल मल्ल, पारस खड्का, अभिनाश बोहोरा, पवन सर्राफ, सुवास खकुरेल र आसिफ शेख ड्राटमा पर्नुभए पनि कुनै टोलीले अनुबन्ध भने गरेका थिएनन्। पिएसएल २०२२ अगामी २७ जनवरीदेखि फेब्रुअरी २७ सम्म पाकिस्तानमा हुनेछ।

त्रिबेणि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :– २०७८/०८/२६

मिति २०७८।०७।१९ गतेको नयाँ दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बिद्यूतिय बोलपत्र आव्हानको सूचना सम्बन्धी सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

सि.नं	ठेक्का नं.	आयोजनाको नाम/कामको विवरण	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु. (मू.अ. कर बाहेक)
1.	TM/BAJURA/NCB/GOODS/01/2078-2079	**Supply and Delivery of Forced Draft improved cooking stoves**	**Smart Solar Pvt.Ltd Balajau-16, Ktm**	५६,००,०००/-

प्रमूख प्रशासकीय अधिकृत

म्याड्रिड डर्वीमा रियलको बाजी

एजेन्सी

म्याड्रिड, २७ मंसिर

स्पेनिस ला लिगाअन्तर्गत सिजनको पहिलो 'म्याड्रिड डर्वी'मा रियल म्याड्रिडले बाजी मारेको छ। घरेलु मैदानमा आइतबार राति भएको खेलमा रियलले एट्लेटिको म्याड्रिडलाई २-० गोलले हरायो।

रियलको सहज जितमा कप्तान करिम बेन्जेमा र मार्को असेन्सियोले गोल गर्नुभयो। रियलले पहिलो र दोस्रो हाफमा एक-एक गोल गरेको थियो। १६औं मिनेटमा बेन्जेमाले भिनिसियस जुनियरको पासमा गोल गर्दै रियलको उत्साह जगाउनुभएको थियो। जारी सिजन उच्च लयमा रहेका बेन्जेमाको यो १३औं गोल हो। उहाँ सर्वाधिक गोल गर्ने खेलाडीको शीर्षसूचीमा हुनुहुन्छ। दोस्रो स्थानमा रहेका भिनिसियसले १० गोल गर्नुभएको छ।

त्यसपछि ५७औं मिनेटमा असेन्सियोले भिनिसियस जुनियरकै पासमा गोल गर्दै रियलको अग्रता दोब्बर बनाउनुभयो। ६१ प्रतिशत बल पोसेसन राखेको रियलले थप गोल गर्ने अवसर गुमाए पनि सहज जित निकाल्यो। यता, ३९ प्रतिशत बल पोसेसन राखेको एट्लेटिकोले नौ वटा पोष्ट प्रहार गरे पनि गोलरहित हार खेप्यो। रियलका भिनिसियस जुनियर 'म्यान अफ दी म्याच' घोषित हुनुभयो।

जितसँगै रियलले उपाधि दौड थप बलियो बनाएको छ। शीर्षस्थानमा रहेको रियलको १७ खेलबाट ४२ अंक पुगेको छ। रियल दोस्रो स्थानमा रहेको सेभियाभन्दा आठ अंकले अगाडि छ। एक खेल कम खेलेको सेभियाको ३४ अंक छ। पराजित एट्लेटिको २९ अंकसहित चौथो स्थानमा छ। आइतबार राति नै भएको अर्को खेलमा बार्सिलोना ओसासुनासँग २-२ गोलको बराबरीमा रोकिएको छ। सुरुवाती अग्रता जोगाउन नसक्दा बार्सिलोनाले अंक बाँडेको हो। बार्सिलोनाका लागि निको गोन्जालेजले १२औं र र अब्देसामद इजालजौलीले ४९औं मिनेटमा गोल गर्नुभयो। घरेलु टोली ओसासुनाका डेभिड गार्सियाले १४औं र चिमी एभिलाले ८६औं मिनेटमा बराबरी गोल फर्काउनुभएको थियो।

बराबरीसँगै २४ अंक बनाएको बार्सिलोना आठौं स्थानमा छ। २२ अंक बनाएको ओसासुना १०औं स्थानमा छ। अर्को खेलमा रियल बेटिसले रियल सोसिडाडलाई ४-० गोलले हरायो। घरेलु मैदानमा फराकिलो जित निकालेको बेटिस तेस्रो स्थानमा छ। बेटिसले १७ खेलबाट ३३ अंक बनाएको छ। पराजित सोसिडाड २९ अंकसहित पाँचौं स्थानमा छ। अर्को खेलमा भिल्लारियलले रायो भालेकानोलाई २-० गोलले पराजित गरेको छ।

अर्को खेलमा सेभियाले एथलेटिक बिल्बाओमाथि उसैको मैदानमा १-० गोलले हरायो। प्रतिस्पर्धात्मक खेलमा सेभियालाई जिताउन थोमस डिलानीले गोल गर्नुभयो। थोमसले ३८औं मिनेटमा गोन्जालो मोन्टेलको पासमा गोल गर्नुभएको थियो। दोस्रो हाफमा दुवै टोलीले गोल गर्ने राम्रा अवसर गुमाएका थिए।

५५ प्रतिशत बल पोसेसन राखेको घरेलु टोली बिल्बाओ अन्ततः गोलरहित हार खेप्न बाध्य बन्यो। खेलभर बिल्बाओले १३ वटा पोष्ट प्रहार गरेको थियो।

Birtamode Municipality
Office of Municipal Executive
Birtamode, Jhapa

Invitation for Online Bids

Date of Publication:- 2078/08/28

1. Birtamode Municipality has allocated funds towards the cost of **Supply & Delivery of Sanitary Pad** to apply part of the funds to cover eligible payments under the following works. Bidding is open to all eligible bidders as per section V of Bidding Document.
2. Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa invites electronic bids from eligible bidders for the purchase of following goods under National Competitive Bidding.
3. Eligible Bidders may obtain further information by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
4. Interested bidders should register in e-GP system and deposit the cost of bidding documents mentioned in the table given below in the bank account :
   a) Name of the Bank : **NIC Asia Bank**
   b) Name of Office : **Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa**
   c) Office Code No. : **801011205**
   d) Office Account no. : **2462050028354002 (Antarik Rajaswa Khata)**
5. Electronic bids must be submitted to Birtamode Municipality, Office of Municipal Executive through PPMO's eGP system www.bolpatra.gov.np/egp on or before **specified time given in table below.**
6. Pre-bid meeting shall be held at Birtamode Municipality Office, Office of Municipal Executive, Birtamode, Jhapa at **2078/09/22** at 14 : 00 Hours.
7. If bidder wishes to submit the Bid Security in cash then the cash should be deposited in the following bank account:
   a) Name of the bank : **NIC Asia Bank**
   b) Name of Office : **Birtamode Municipality, Office of Municipal Executive**
   c) Office Code No. : **801011205**
   d) Office Account No. : **246CA50018870005 (Dharauti Khata)**
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at specified date and time given below in table at Birtamode Municipality, Office of Municipal Executive, Birtamode, Jhapa.
9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Detail of works are as given below :-

S N	Contract Identification No.	Name of Project	Last Date of Bid Submission	Bid Opening Date	Bid Validity Period	Bid Security Amount NRs.)	Estimated Amount (Excl. VAT), NRs.	Bid Document Price (NRs.)
1.	BTMMUN/GOODS/NCB-21/078-79	Supply and Delivery of Sanitary Pad	2078/09/29 at 12:00 Hours	2078/09/29 at 14:00 Hours	90 days of bid opening + 30 Days beyond	93,450.00/-	37,38,053.08/-	3000.00/-

Chief Administrative Officer

पिएसजीको जितमा एम्बाप्पेको दुई गोल

एजेन्सी/पेरिस। केलियन एमबाप्पेको दुई गोलमा पेरिस सेन्ट जर्मेन (पिएसजी)ले लिग वान फुटबलमा मोनाकोलाई २-० गोलअन्तरले पराजित गरेको छ। आइतबार राति भएको खेलको १२औं मिनेटमा एम्बाप्पेले पेनाल्टीमार्फत गोल गर्दै पिएसजीलाई अग्रता दिलाउनुभएको थियो। पेनाल्टी बक्समा एन्जल डी मारियालाई डिजब्रिल सिडिवेले फउल गरेपछि रेफ्रीले भिएआरको सहायता लिँदै पिएसजीलाई पेनाल्टी प्रदान गर्दा एम्बाप्पे चुक्नुभएन।

४५औं मिनेटमा एम्बाप्पेले लियोनेल मेस्सीको पासमा गोल गर्दै टोलीको अग्रता दोब्बर पार्नुभयो। यो जितसँगै शीर्षस्थानमा रहेको पिएसजीको १८ खेलबाट ४५ अंक पुगेको छ। पिएसजीले दोस्रो स्थानको मार्सेलाई १३ अंकले पछि पारेको छ। मार्सेले एक खेल कम खेलेको छ। पराजित मोनाको २६ अंक जोडेर आठौं स्थानमा रहेको छ।

यता इंग्लिस प्रिमियर लिगमा लेष्टर सिटीले न्युक्यासल युनाइटेडमाथि ४-० को शानदार जित हात पाऱ्यो। लेष्टरको जितमा युरी टिलेमान्सले दुई तथा पाट्सन डाका र जेम्स म्याडिसनले समान एक/एक गोल गर्नुभएको थियो।

यो जितसँगै लेष्टर १६ खेलबाट २२ अंक जोडेर आठौं स्थानमा उक्लिएको छ। पराजित न्युक्यासल १० अंक जोडेर १९औं स्थानमा रहेको छ। अर्को खेलमा क्रिष्टल प्यालेसले एभर्टनलाई ३-१ ले पराजित गरेको छ। बर्नले र वेष्ट ह्यामले गोलरहित बराबरी खेलेका छन्।

पौडी टोली आबुधाबी प्रस्थान

हिमालय टाइम्स

काठमाडौं, २७ मंसिर

१५औं विश्व फाना पौडी च्याम्पियनसिप (सर्ट कोर्स)मा सहभागी हुन नेपाल पौडी टोली सोमबार आबुधाबी प्रस्थान गरेको छ। डिसेम्बर १५ देखि २१ तारिखसम्म हुने प्रतियोगितामा समान दुई-दुई पुरुष/महिला गरी चार खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। पुरुषको दुई सय मिटर फ्री स्टायल र व्यक्तिगत मिड्लेमा नासिर हुसैन तथा ५० र एक सय फ्री स्टायलमा एलेक्स शाहले प्रतिस्पर्धा गर्नुहुनेछ।

महिलाको ५० र एक सय मिटर फ्री स्टायलमा अनुश्रिया तण्डुकार तथा ५० र एक सय मिटर ब्रेष्टस्ट्रोकमा उपास्ती महर्जनले सहभागिता जनाउनुहुनेछ। अमेरिकामा रहेका एलेक्स त्यतैबाट आबुधाबी जाने नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यले जनाउनुभयो।

प्रशिक्षकमा नयना शाक्य तथा व्यवस्थापकमा अनिश महर्जन रहनुभएको छ। टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले आइतबार एक कार्यक्रमबीच बिदाइ गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य-सचिव घिसिङले नयाँ उपलब्धि हासिल गर्न खेलाडीलाई उच्च मनोबलका साथ प्रदर्शन गर्ने बताउँदै खेलाडीले व्यवस्थापनमा नभई आफ्नो खेल र प्रशिक्षणतिर मात्र ध्यान दिन आवश्यक रहेको बताउनुभयो। उहाँले राष्ट्रिय टिमको प्रदर्शन व्यवस्थित गर्न राखेपछि हाइपर्फमेन्स कमिटी गठनको तयारी गरिरहेको जानकारी गराउनुभयो।